श्रमको सम्मान गरौं ।
Let's respect labour !

श्रम शक्ति नै राष्ट्र शक्ति हो !!
Labour Force is Nation Force !!

NTUC

# Nepal Trade Union Congress
# नेपाल ट्रेड युनियन काँग्रेस
## राष्ट्रिय समिति

च.नं Ref. No.: ๔१३

मिति Date:

# प्रेस विज्ञप्ती

मिति :२०७६/०१/५

चिया वगानमा कार्यरत श्रमिकहरुले नेपाल सरकारद्धारा निर्धारित न्यूनतम ज्याला प्राप्तीका लागि २ हप्ता देखि आन्दोलन गरिरहेको विषय प्रति यस महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । श्रम कानुन अनुसार नेपाल सरकारले रोजगारदाता र श्रमिकहरुको संगठनको सहमतिमा २०७५ श्रावण देखि लागू हुने गरी तोकिएको मासिक पारिश्रमिक रु. १०,७८१/- नेपाल सरकारले तोकेको राष्ट्रिय न्यूनतम पारिश्रमिक रु.१३,४५०/- भन्दा करीव २५% ले कम हुँदा पनि रोजगारदाताहरु उक्त पारिश्रमिक दिन तयार नहुँदा श्रमिकहरु आन्दोलन गर्न वाध्य भएका छन् । यस महासंघको धारणा चिया वगान श्रमिक लगायत सवै श्रमिकले रु. १३,४५०/- नै पाउनुपर्छ भन्ने थियो । यसको वावजुद पनि सरकारको निर्णयको महासंघले सम्मान गर्दै जस्ताको त्यस्तै लागू गर्नु पर्ने ठहर गर्दछ । वर्तमान श्रम कानूनले राज्यले तोकेको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा एंव श्रम ऐनले दिएका अधिकार तथा संरक्षण चिया वगाानका श्रमिकहरुको हकमा पनि पूर्णतः लागू हुनुपर्छ । तर, यो वा त्यो वहानामा प्रत्येक पटक पारिश्रमिक वृद्धि हुँदा चिया वगानका रोजगारदाताहरु आफ्नो दायित्व र जिम्मेवारीवाट पन्छिन खोज्ने प्रवृति यो नयाँ होइन । तसर्थ सरकारले निर्धारण गरेको श्रम कानुन अनुसारको पारिश्रमिक लागू गराउने दायित्व पनि स्वंयम सरकारको भएकोले यस विषयमा गम्भीर हुन यस महासंघ नेपाल सरकार लगायत सरोकारवाला निकायसंग अनुरोध गर्दछ । चिया वगान श्रमिकहरुलाई अन्य श्रमिककहरुको तुलनामा पटक पटक विभेद गरिएको छ । यस्ता विभेदपूर्ण पारिश्रमिक पनि नपाउँदा श्रमिकहरुको आन्दोलनले कडा रुप अख्तियार गर्न सक्ने र त्यसवाट हुनसक्ने क्षति प्रति संवेदनशील भई तत्काल समाधान निकाल्न रोजगारदाताहरु र सम्वन्धित निकाय समक्ष यस महासंघ विशेष अनुरोध गर्दछ ।

.............................................
(योगेन्द्र कुमार कुँवर)
महासचिव

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np